


**Population:**
109,700 (2000)
128,000 (2010)
149,500 (2020)
**Countries:** India, China
**Buddhism:** Tibetan
**Christians:** 220

## संक्षेप:

**अन्य नामहरू:** Lodokhi, Ladakh, Ladaphi, Ladhakhi, Lodak, Ladwags, Ladak

**जनसंख्या:**
भारत : १,७८,०००
चीन : ३,५००
पाकिस्तान : ११,५००
(PeopleGroups.org)

**उपभाषाहरू:** २ (Leh, Shamma)

**तिब्बती बुद्ध धर्म:** ८०%

**इसाई धर्म:** ०.२%

**बाइबल:**छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** Ladakhi

**ख्रीष्टिय प्रसारण:** छैन




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १,७८,००० जना लद्दाखी जातिका मानिसहरू उत्तर भारतको लद्दाख प्रान्तको भू-भागहरूमा बसोबास गर्दछन्। यिनीहरू लद्दाखको ऐतिहासिक राजधानी भएको लेह सहरको वरिपरि ठूलो भू-भागमा २५० वटा गाउँहरूमा बसोबास गर्छन्। अझै करिब ३,५०० लद्दाखीहरू सिमानाको उतापट्टि पश्चिमी तिब्बतमा बसोबास गर्छन्। यहाँको सीमा सुरक्षा कमजोर भएकाले यिनीहरू दुवैतिर आवत-जावत् गर्ने गर्छन्।

संसारको सबैभन्दा उच्च पहाडहरूमा यिनीहरू बसोबास गर्ने भएकोले यिनीहरूको जीवन कठिनाइपूर्ण छ। अत्यन्त जाडोमा जीवन बिताएर गर्मी मौसमको लागि खुसीसाथ चाहना राख्ने यिनीहरूको विश्वासअनुसार नरक एउटा अत्यन्त जाडो हुने ठाउँ हो।

लद्दाखीहरू अरू तिब्बतीहरू जसरी नै तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। हजारौँ वर्षहरूदेखि बोन धर्मअनुसार भूतात्माहरूमाथि गर्ने विश्वास बुद्ध धर्मसँग जोडेर यिनीहरूको किल्लाको रूपमा रहँदै आएको छ।

लद्दाखी मानिसहरूको बीचमा पहिलो पल्ट ख्रीष्टको गवाही निष्टारियस सिद्धान्तलाई पछ्याउने व्यापारीहरूले आठौँ शताब्दीमा दिएको हुन सक्छ। सन् १६४२ मा क्याथोलिक पादरी अन्टोनियो दि एण्ड्रेडले अहिलेको समयहरूमा 'जान्दा' भनिने थोलिंगमा एउटा कार्यस्थलको स्थापना गर्नुभयो।




थोरै समयमा नै लद्दाखको राजाले त्यसलाई नष्ट पार्नुभयो। मुरावीहरूले सन् १८५६ मा लद्दाखीहरूको बीचमा ख्रीष्टको सेवा सुरु गरे; सन् १९२२ मा १५८ जना उद्धार पाएका थिए। मिशनरीहरूले त्यहाँको परिस्थितिको बारेमा यसरी विवरण दिएका थिए: “ख्रीष्टिय सेवाको कुनै कठोर विरोध यहाँ छैन। औषधी, शिक्षा, धर्मशास्त्र र पर्चाहरू जस्ता जे कुराहरूलाई दिए तापनि मानिसहरू इच्छुक भएर त्यसलाई स्वीकार गर्दछन्।” मुरावीहरू आजसम्म पनि यिनीहरूको बीचमा सेवा गर्दै आएका छन्। आजको दिनहरूमा केही भारतीय मिशन संस्थाहरूले पनि यहाँ सेवा सुरु गरेका छन्।